# नेपाल राष्ट्र बैंक

## राष्ट्र ऋण व्यवस्थापन विभाग

थापाथली, काठमाडौंको

**सर्वसाधारण नेपाली नागरिक तथा अन्य संस्थाहरुले मात्र खरिद गर्न पाउने गरी**

## "राष्ट्रिय बचतपत्र २०७२" निष्कासन गर्ने सूचना

नेपाल सरकारको "राष्ट्रिय बचतपत्र २०७२" देहाय बमोजिमका विशेषता एवं शर्तहरु कायम गरी निष्कासन गरिने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. (क) बचतपत्रको नाम :- राष्ट्रिय बचतपत्र २०७२ (५ वर्षे) ।
   (ख) निष्कासन गर्ने रकम :- रु.४०० करोड ( चार अर्ब रुपैयाँ मात्र) ।
   (ग) वार्षिक व्याजदर :- ९.७५ प्रतिशत (अर्द्धवार्षिक रुपमा ब्याज भुक्तानी हुने तथा व्याजकर लाग्ने) ।
   (घ) बिक्री खुला हुने अवधि :- २०६७ पौष २६ गतेदेखि माघ ४ गतेसम्म ।
   (ङ) निष्कासन हुने मिति :- २०६७ माघ ६ गते ।
   (च) साँवा भुक्तानी हुने मिति:- २०७२ माघ ६ गते ।
   (छ) खरिद गर्न सकिने रकम:- घटिमा एक हजार रुपैया र बढिमा एक हजार रुपैयाले भाग गर्दा नि:शेष भाग जाने गरी कुल निष्कासित रकमसम्म ।
   (ज) फाराम सम्बन्धी व्यवस्था :- यस सम्बन्धी फाराम यस विभाग वा यस बैंकका उपत्यका बाहिरका कार्यालयहरुबाट वा यस बैंकको वेबसाईट (www.nrb.org.np अन्तर्गत Public Debt बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।
   (झ) यो बचतपत्र धितो राखी कर्जा लिन दिन पाइने छ ।
   (ञ) यो बचतपत्र इजाजत प्राप्त बजार निर्माताहरु मार्फत आवश्यकता अनुसार तुरन्त विक्री गर्न सकिनेछ ।

२. यो बचतपत्र अंकित मूल्यमा नेपाली नागरिकहरु र नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंक तथा वित्तीय संस्था वाहेकका संस्थाहरुले मात्र खरिद गर्न पाउनेछन् ।

३. यो बचतपत्रको कूल निष्कासित रकममध्ये सर्वसाधारणहरुका लागि रु.१ (एक) अर्व तथा संस्थाहरुका लागि रु.३(तिन) अर्व छुट्याइएको छ । उपरोक्त रकमको सीमाभित्र रही संस्था तथा सर्वसाधारण नेपाली नागरिकहरुले मिति २०६७।९।२६ देखि मिति २०६७।१०।२ गतेसम्म बचतपत्र खरिदका लागि आवेदन गर्न सक्नेछन् । साथै, सर्वसाधारणका लागि छुट्याइएको रकम पूरै बिक्री नभएमा बांकी रहेको रकम खरिदका लागि संस्थाहरुले मिति २०६७।१०।३ र ४ गते समेत आवेदन गर्न पाउनेछन् ।

४. तोकिएको व्याजदरमा हरेक ६/६ महिनामा पाकेको व्याज आफुलाई पायक पर्ने नेपाल राष्ट्र बैंक तथा यस बैंकबाट इजाजत प्राप्त जुनसुकै बैंक तथा वित्तीय संस्थाहरुबाट लिन सकिनेछ ।

५. यो बचतपत्र खरिदकर्ताले बैंक तथा बजार निर्माता कहाँ रकम बुझाएकै मितिदेखि निष्कासन मितिभन्दा अघिल्लो दिनसम्मको खण्डित अवधिको उपर्युक्त व्याजदरले हुन आउने व्याज रकम समेत भुक्तानी पाउनेछन् ।

६. स्टक वा प्रमिशरी नोटको रुपमा बचतपत्र लिन सकिनेछ । बचतपत्र खरिद गर्नेले दरखास्त फाराममा आफ्नो पूरा नाम र ठेगाना उल्लेख गरी दस्तखत गर्नु पर्नेछ । दरखास्तसाथ विवरण प्रष्ट बुझिने नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि तथा लेखपढ गर्न नजान्ने व्यक्तिको हकमा पासपोर्ट साइजको फोटो फाराममा १ थान र प्रति थान बचतपत्रमा १ का दरले आवश्यक पर्ने फोटो अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । नाबालकको नाममा बचतपत्र खरिद गर्दा संरक्षकले आफ्नो नागरिकताको प्रमाणपत्र र नाबालकको जन्म दर्ता प्रमाण समेत अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । संस्थाको हकमा आवेदनसाथ कम्पनि दर्ताको प्रमाणपत्र, बचतपत्रमा लगानी गर्ने सम्बन्धमा संचालक समितिबाट भएको निर्णय तथा स्थायी लेखा नं.को प्रतिलिपी पेश गर्नु पर्नेछ । साथै आवेदन फाराममा संस्थाको तर्फबाट दुईजना आधिकारिक प्रतिनिधीको दस्तखत तथा संस्थाको छाप अनिवार्य रुपमा लगाउनु पर्नेछ ।

७. रीतपूर्वक पेश नभई अस्वीकृत भएका दरखास्तको सम्बन्धमा जम्मा हुन आएको रकम यस विभागमा सक्कल दरखास्त प्राप्त भएको मितिले १५ दिनभित्र विना व्याज सम्बन्धित व्यक्ति तथा संस्थालाई फिर्ता गरिनेछ ।

८. उपर्युक्त बचतपत्र सर्बसाधारण नागरिकहरुले यस बैंकबाट इजाजत प्राप्त देहायका बजार निर्माताहरुमार्फत (यसको सूची यस बैंकको तल उल्लेखित वेवसाईटमा समेत उपलब्ध छ), उपत्यका बाहिरको हकमा नेपाल राष्ट्र बैंकका जिल्लास्थित कार्यालयहरु तथा ईजाजतप्राप्त बाणिज्य बैंकका शाखाहरु मार्फत समेत खरिद गर्न सकिनेछ । संस्थाको हकमा भने उपत्यकाभित्र नेपाल राष्ट्र बैंकको बैंकिङ्ग कार्यालय तथा उपत्यका बाहिर यस बैंकका जिल्लास्थित कार्यालयहरु मार्फतमात्र खरिद गर्न सकिनेछ । दरखास्त फाराम र रकम बुझाउने भौचरहरु सम्बन्धित बैंक तथा बजार निर्माताहरुबाट नि:शुल्क उपलब्ध हुनेछ ।

९. उपर्युक्त बचतपत्र बिक्री गर्न गराउन नेपाल राष्ट्र बैंकका उपत्यका बाहिरका कार्यालयहरु, बाणिज्य बैंकहरु र यस बैंकबाट इजाजत प्राप्त बजार निर्माताहरुलाई परिपत्र तथा कार्यविधि पठाइएको छ । सो प्राप्त नभएको भए यसै सूचनालाई आधार मानी उपर्युक्त राष्ट्रिय बचतपत्र खरिद गर्न चाहने व्यक्ति तथा संस्थाहरुलाई तोकिएको म्यादभित्र ( यस बैंकको तल उल्लेखित वेवसाइटमा उपलब्ध बचतपत्र बिक्री गर्ने कार्यबिधि अनुसार) बिक्री गरी दैनिक खवर फयाक्स (फ्याक्स नं.४२५४१७०) वा छिटो साधनबाट यस विभागमा पठाउनु हुन र दैनिक रुपमा विवरण सहितको दरखास्त फारामहरु एक्सप्रेस डेलिभरीद्वारा यस विभागमा पठाउने व्यवस्था गर्नु हुन समेत अनुरोध गरिएको छ ।

१०. बिक्री खुला अवधिभित्र सम्पूर्ण रकम बिक्री नभई बाँकी रहन आएमा वा कथंकदाचित बढि माग भएमा खुला बजार सञ्चालन समितिले निर्णय गरी आवश्यक व्यवस्था गर्नेछ । साथै, बचतपत्र बाँडफाँड सम्बन्धी अन्य सम्पूर्ण अधिकार उक्त समितिमा रहनेछ ।

११. यस विषयमा थप जानकारीको लागि काठमाडौंमा यस विभागको फोन: ४२५७८८०, ४२४१२७२, ४२२१७६३ वा ४२४८९००-९०४ एक्सटेन्सन २१९-२० मा तथा उपत्यका बाहिर आफ्नो नजिकको नेपाल राष्ट्र बैंक तथा वाणिज्य बैंकका कार्यालयहरु र बजार निर्माताहरुमा सम्पर्क राख्नु हुन तथा यस बैंकको वेबसाइट http://www .nrb.org.np अन्तर्गत Public Debt मा हेर्नु हुन अनुरोध गरिन्छ ।